# प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ५(१) बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

**कार्यालयको नामः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, बागमती प्रदेश**

**अवधिः- २०८० मंसिर १ देखि २०८० फाल्गुन मसान्तसम्म**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानमा व्यवस्था भए अनुरुप प्रदेश सरकारहरुको स्थापना भएपश्चात् प्रदेशको प्रादेशिक प्रशासनको सर्वोच्च निकाय (Apex Body) को रूपमा वि.सं. २०७४/१०/०५ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्थापना भएको हो। यो कार्यालय एकातिर प्रदेशको कार्यकारी प्रमुख मुख्यमन्त्रीको कार्यालय भएकोले मुख्यमन्त्रीलाई सचिवालयको सेवा प्रदान गर्दै आएको छ भने अर्कोतिर प्रदेशको उच्च प्रशासनिक पदाधिकारी प्रमुख सचिवज्यूको कार्यालय पनि भएकोले प्रदेश मन्त्रिपरिषद्को कार्यसम्पादनमा प्रशासनिक एवम् प्राविधिक सहयोग पुर्‍याउने गर्दछ । राजनीतिक र प्रशासनिक दुबै दृष्टिकोणले उच्च निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रादेशिक प्रशासनको केन्द्रविन्दुको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । प्रदेशका सबै मन्त्रालयहरुको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयहरुको कार्यसम्पादन स्तरलाई प्रभावकारी बनाउन सघाउ पुग्दछ ।

## २. निकायको काम, कर्तव्य र अधिकार

बागमती प्रदेश सरकार, (कार्यविभाजन) नियमावली, २०८० अनुसार यस कार्यालयको काम, कर्तव्य र अधिकारहरु यस प्रकार रहेका छन् ।


| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी |
| २. | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३. | प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन |
| ४. | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५. | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६. | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण |
| ७. | प्रदेश मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन |
| ८. | प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण |
| ९. | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १०. | मानव अधिकारको संरक्षण र प्रवर्द्धन |
| ११. | सुशासन, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार |
| १२. | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १३. | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १४. | प्रदेश प्रमुखको सम्पर्क सम्बन्धी विषय (प्रतिवेदन समेत) |
| १५. | अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध |
| १६. | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन |
| १७. | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| १८. | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| १९. | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |
| २०. | प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय |
| २१. | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |

**३. निकायमा रहने कर्मचारीको संगठन संरचना**

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सङ्गठन संरचना




२१

## ४. निकायबाट प्रदान गरिने सेवा

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत र व्यावहारिक निर्णयहरु तथा जनशक्ति व्यवस्थापनका सेवाहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | श्री घनश्याम उपाध्याय | प्रमुख सचिव | – |
| २ | श्री हुमकला पाण्डे | प्रदेश सचिव | शासकीय सुधार तथा समन्वय महाशाखा |
| ३ | श्री निश्चलराज पाण्डे | प्रदेश सचिव | बैठक तथा प्रशासन महाशाखा |
| ४ | श्री कृष्ण कुमार कार्की | प्रदेश सचिव (कानून) | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ५ | श्री विनोद अमात्य | उप सचिव (कानून) | कानून तथा संवैधानिक मामिला |
| ६ | श्री राजेन्द्र बहादुर अर्याल | उप सचिव | शासकीय सुधार तथा सञ्चार |
| ७ | श्री वीरेन्द्रजंग थापा | अधिकृतस्तर दशौं | मा.मुख्यमन्त्रीको नीजि सचिवालय |
| ८ | श्री विनोद पौडेल | अधिकृत नवौं | कर्मचारी प्रशासन |
| ९ | श्री देवी प्रसाद गौतम | लेखा अधिकृत, आठौं | आर्थिक प्रशासन |
| १० | श्री सुरेन्द्र कार्की | अधिकृत आठौं | शासकीय सुधार तथा सञ्चार |
| ११ | श्री विमोचन घिमिरे | अधिकृत आठौं | योजना अनुगमन तथा नतिजा व्यवस्थापन |
| १२ | श्री पुरुषोत्तम मिश्र | अधिकृत छैठौं | कर्मचारी प्रशासन |
| १३ | श्री गोपाल प्रसाद पोखरेल | अधिकृत छैठौं | प्रदेश किताबखाना |
| १४ | श्री दिनेश श्रेष्ठ | अधिकृत छैठौं | बढुवा समितिको सचिवालय |
| १५ | श्री सुदिप सुवेदी | अधिकृत छैठौं | जिन्सी शाखा |
| १६ | श्री लुना तिमल्सिना | क. अधिकृत छैठौं | सुचना तथा सञ्चार समन्वय शाखा |
| १७ | श्री सुदिप दाहाल | नायब सुब्बा | श्रीमान् प्रमुख सचिवको सचिवालय |
| १८ | श्री सुरेश राई | सहायक पाँचौ | प्रदेश किताबखाना |
| १९ | श्री विश्वास राना | खरिदार | बैठक शाखा |
| २० | श्री प्रकाशचन्द्र राई | सहायक पाँचौं | कर्मचारी प्रशासन |
| २१ | श्री दिपा सापकोटा | सहायक पाँचौं | कर्मचारी प्रशासन |
| २२ | श्री रविनजंग कार्की | सहायक पाँचौं | शासकीय सुधार तथा सञ्चार शाखा |
| २३ | श्री केशव झा | सहायक पाँचौं | संवैधानिक मामिला तथा कानून |
| २४ | श्री चोपीराम पुन मगर | सहायक पाँचौं | प्रदेश किताबखाना |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित नियम अनुसार ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी**

प्रदेश सरकार मन्त्रिपरिषद्, माननीय मुख्यमन्त्री, प्रमुख सचिव, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

यस कार्यालयमा विभिन्न शाखाहरूबाट गरिएका निर्णयहरु उपर सम्बन्धित महाशाखाका प्रमुखज्यूहरु (प्रदेश सचिव) समक्ष तथा सचिव स्तरबाट भएका निर्णयहरुका सम्बन्धमा उजुरी भएमा प्रमुख सचिव समक्ष उजुरी वा गुनासो राख्न सकिनेछ ।

**९. सम्पादन गरेका कामको विवरण**

आर्थिक वर्ष २०८०/८१ को दोस्रो चौमासिकमा सम्पादन भएका क्रियाकलाप तथा गतिविधिहरुको विवरण यस प्रकार छ ।

<u>समन्वय र सहकार्य तर्फ</u>

- अन्तरप्रदेश मुख्यमन्त्रीहरू बैठक हेटौंडमा सम्पन्न भएको ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयोजना तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको व्यवस्थापनमा मा.मुख्यमन्त्री, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त, प्रमुख सचिव, प्रदेश सचिव लगायतका पदाधिकारीहरूको सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- मा.मुख्यमन्त्री, मा.मन्त्री, प्रमुख सचिव तथा सचिवहरू र महालेखा परिक्षकको कार्यालयसँग लेखापरिक्षण लगायतका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघको संयुक्त आयोजनामा तहगत अधिकारको कार्यविस्तृतिकरण विषयक अन्तरक्रिया कार्यक्रम हेटौंडामा सम्पन्न भएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकमा मा.मुख्यमन्त्रीज्यूको नेतृत्वमा सहभागिता जनाईएको ।
- नेपाल सरकार अर्थ मन्त्रालय, वर्ल्ड बैंक तथा एसियन डेभलोपमेन्ट बैंकको आयोजनामा बैंकहरूको आगामी Country Strategic Paper तयारीको लागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी क्षेत्रको सहभागितामा अन्तरक्रिया कार्यक्रम हेटौंडामा सम्पन्न भएको । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहभागिहरूको उपस्थितिको लागि आवश्यक सहकार्य तथा समन्वय भएको ।
- राष्ट्रिय योजना आयोगको सूचना अनुसार आगामी आर्थिक वर्षका लागि प्रदेशको तर्फबाट संघीय समपुरक तथा विशेष अनुदानका क्रमागत तथा नयाँ कार्यक्रमहरूको राष्ट्रिय योजना आयोगको विद्यूतीय पोर्टलमार्फत प्रस्ताव पेश गरिएको ।

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह, प्रदेशका कार्यालयहरू, संघीय कार्यालयहरू सहित प्रदेश र स्थानीय तह बीचको साझा अधिकार र अन्तरसरकारी सम्बन्ध र समन्वय, अन्तरसम्बन्ध सुदृढीकरण,योजना तर्जुमा प्रक्रिया, सेवा प्रबाह र सुशासन प्रवर्धन सम्बन्धमा चितवन तथा धुलिखेल जिल्लामा अन्तरक्रिया सम्पन्न गरिएको ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजना तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा प्रदेश तथा स्थानीय शासन कार्यक्रम अन्तर्गत प्रदेश तथा बागमती प्रदेशभित्रका स्थानीय तहमा भएका असल अभ्यासको प्रस्तुतिकरण तथा अन्तरक्रिया कार्यक्रम चितवनमा सम्पन्न भएको ।
- प्रदेश मन्त्रालय तथा निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको ।प्रदेश मन्त्रालय/निकाय तथा कार्यालय गरि कुल ५१३४ दरबन्दी कायम भएको छ ।
- नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु, संवैधानिक आयोगहरु, बागमती प्रदेशका स्थानीय तह तथा अन्य प्रदेशहरुसँग समन्वय, सम्पर्क र सहयोग आदान प्रदानका क्रियाकलापहरु (पत्राचार, बैठकमा सहभागिता आदी) गरिएको ।
- नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु तथा संवैधानिक आयोगहरुबाट माग भई आएका विवरण तथा तथ्याङ्कहरु सङ्कलन तथा एकीकृत गरी पठाउने कार्य गरिएको ।
- नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय तथा निकाय एवं संवैधानिक निकायहरुबाट भएका निर्णय कार्यान्वयनका लागि बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरु सँग सहकार्य गरिएको ।

**<u>नियमित कार्यसम्पादन तर्फ</u>**

- माननीय मुख्यमन्त्री शालिकराम जम्कट्टेलज्यूको नेतृत्वको सरकारले एक वर्षको अवधिमा सम्पन्न गरेका प्रमुख कार्यहरूको सार्वजनकिकरण तथा पुस्तक प्रकाशन गरिएको ।
- बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकहरु नियमित रुपमा सञ्चालन गरिएको ।यस अवधिमा आठवटा बैठक बसी ५० वटा निर्णय भएको । प्रदेश सरकार मन्त्रिपरिषद्बाट भएका निर्णयहरू यस कार्यालयको बेबसाईटमा प्रकाशित गर्ने गरिएको ।

| क.सं | म.प.बैठक (महिना) | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|---|
| १. | मंसिर | २ | १२ |
| २. | पुस | २ | १५ |
| ३. | माघ | २ | १० |
| ४. | फागुन | २ | १३ |
| **जम्मा** | | **८** | **५०** |

- प्रमुख सचिवज्यूको अध्यक्षतामा प्रदेश सरकारका सचिवहरुको बैठकहरु नियमित रुपमा आयोजना गरिएको ।

- प्रदेश सुशासन ऐन बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको बैठक आयोजना भएको । सो बैठकबाट भएका निर्णयहरू विषयगत मन्त्रालय/निकायमा पत्राचार गरिएको ।
- वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि अनुसारको सूचक तथा सोको विवरण प्रविष्टि गर्नुपर्ने पोर्टलका सम्बन्धमा प्रदेशका मन्त्रालय र केन्द्रिय निकायका प्रशासन तथा आर्थिक प्रशासन हेर्ने कर्मचारीहरूको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको र पोर्टलमा आवश्यक विवरण प्रविष्टिका लागि पत्राचार गरिएको ।
- कर्मचारी व्यवस्थापनका क्रियाकलापहरु (कार्य सम्पादन मूल्याङ्कन, सरुवा, अध्ययन र असाधारण बिदा सिफारिस, अध्ययन बिदा पूर्व स्वीकृति, आदि) गरिएको।

**यस अवधिमा भएको विवरण**

| विषय | निकाय | संख्या |
|---|---|---|
| सरुवा | स्थानीय | २७८ |
| सरुवा | प्रदेश | ३० |
| अध्ययन विदा स्वीकृति | स्थानीय | १७ |
| अध्ययन विदा स्वीकृति | प्रदेश | २ |
| असाधरण विदा स्वीकृत | प्रदेश | ३ |

- यस चौमासिकबाट प्रदेश किताबखानामार्फत प्रदेश सरकारका मन्त्रालय/निकाय/कार्यालयको तलबी प्रतिवेदन पारित गर्ने कार्य शुरूवात भएको छ ।साथै सिटरोल दर्ता, पददर्ता, सम्पत्ति विवरण संकलन लगायतका कार्य गरिएको छ ।

**यस अविधमा भएका कार्यहरूको विवरण**

| विषय | संख्या |
|---|---|
| तलबी प्रतिवेदन पारित कार्यालय | १२ |
| प्रदेश सिटरोल दर्ता | ११६ |
| स्थानीय तह सिटरोल प्राप्त | १४७ |
| सुरू नियुक्ति सम्पत्ति विवरण प्राप्त | १७० |
| पद दर्ता भएको मन्त्रालय/निकाय/कार्यालय | १४ |

- यस कार्यालयलाई विपक्षी बनाएर अदालतमा दायर भएका मुद्धाहरुको लिखित जवाफ पेस गरिएको।

**यस अवधिमा पेश गरिएका लिखित जवाफको विवरण**

| अदालतको प्रकार | लिखित जवाफको संख्या |
|---|---|
| सर्वोच्च अदालत | ९ |
| उच्च अदालत, पाटन | ३ |
| प्रशासनिक अदालत | १ |

- बढुवा समितिको सचिवालयबाट भएका बढुवा सिफारिसको विवरणः

## मिति २०८० मंसिर १ गतेदेखि फागुन मसान्तसम्मको बढुवा सिफारिस सम्बन्धी विवरण

**प्रदेश सेवा**

| विज्ञापन भएको | तह | माग पद सङ्ख्या | बढुवा सिफारिस भएको सङ्ख्या | | | रिक्त |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| आ.व.०७९/८० | सातौं | २० | ६ | ६ | १२ | ८ |
| आ.व.०८०/८१ | नवौं | ५७ | ३ | ४३ | ४६ | ११ |
| **जम्मा** | | **७७** | **९** | **४९** | **५८** | **१९** |

**स्थानीय सेवा**

| विज्ञापन भएको | तह | माग पद सङ्ख्या | बढुवा सिफारिस भएको सङ्ख्या | | | रिक्त |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| आ.व.०७९/८० | सातौं | १२ | ४ | ६ | १० | २ |
| **जम्मा** | | **१२** | **४** | **६** | **१०** | **२** |

१०. **प्रमुख सचिवको नामः** श्री घनश्याम उपाध्याय

११. **प्रवक्ताको नामः** श्री राजेन्द्र बहादुर अर्याल

१२. **सूचना अधिकारीको नाम र पदः** श्री विमोचन घिमिरे, शाखा अधिकृत

१३. **कार्यालयको Website:** https://ocmcm.bagamati.gov.np/

१४. **मन्त्रालयको सम्पर्क नं.** *०५७-५२२३८५, ०५७-५२२३८७, ०५७-५२२३९७, ०५७-५२२८९७, ०५७-५२२८९८*

### १५. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस अवधिमा जारी भएका नयाँ कानुनहरुको सूची यस प्रकार छ ।

- नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०

### १६. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस कार्यालयले आर्थिक वर्ष २०८०/८१ को दोस्रो चौमासिक भएको खर्चको विवरण यस प्रकार रहेको छ ।

| बजेट उपशीर्षक नं | खुद बजेट | ०८० फाल्गुनमसान्त सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय [३०१०००११३] | १,८६७,९२६,५६८.०० | ८५,७३१,१६८.०० | ४.५९% |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय [३०१०००११४] | १३,०००,०००.०० | २,९७७,७४३.०० | २२.९१% |

| बजेट उपशीर्षक नं | खुद बजेट | ०८० फाल्गुनमसान्त सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ शसर्त अनुदान) [३०१९११२०३] | १८,२१०,०००.०० | ३,५८७,५४७.०० | १९.७०% |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ शसर्त अनुदान) [३०१९११२०४] | १,०००,०००.०० | ९८१,१३३.०० | ९८.११% |
| **जम्मा** | **१,९००,१३६,५६८.००** | **९३,२७७,५९१.००** | **४.९१%** |

यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को दोस्रो चौमासिक भएको शिर्षकगत राजस्व संकलनको विवरण

| क.सं. | राजस्व शीर्षक | संकलन रकम |
|---|---|---|
| १ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ६०००.०० |
| **जम्मा** | | ६०००.०० |

*****